# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, साउन १० गते २०५१ साल (संख्या १५

## भाग ३

श्री ५ को सरकार

### सूचना तथा संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले चलचित्र ( निर्माण, प्रदर्शन तथा वितरण ) नियमावली, २०४६ को नियम १२ को उपनियम १२.१ ले दिएको अधिकार प्रयोग गरी नेपाल टेलिभिजन आफैंले उत्पादन गरेका चलचित्रहरू बाहेक नेपाल अधिराज्य बाहिरबाट आयात गरिएका कथानक चलचित्रहरू देहाय बमोजिमको अध्यक्ष र सदस्यहरू रहेको चलचित्र जाँच समितिबाट जाँचपास गरेर मात्र नेपाल टेलिभिजनले प्रदर्शन गर्न पाउने गरी यो सूचना प्रकाशित गरेको छ :–

| | | |
|---|---|---|
| (क) | सूचना तथा संचार मन्त्रालयको सह-सचिव | –अध्यक्ष |
| (ख) | गृह मन्त्रालयको प्रतिनिधि | –सदस्य |
| (ग) | नेपाल टेलिभिजनको कार्यक्रम निर्देशक | –सदस्य |
| (घ) | केन्द्रीय चलचित्र जाँच समितिका सदस्यहरू मध्येबाट सूचना तथा संचार मन्त्रालयले तोकेको एक जना | –सदस्य |

उक्त समितिबाट नेपाल टेलिभिजनमा प्रसारण गर्न जाँचपास भएका चलचित्र-हरू नेपाल अधिराज्यका चलचित्र घरहरूमा प्रदर्शन गर्न पुनः जाँचपास गराउनु पर्ने छैन ।

293

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर उक्त समितिले जाँचपास गरेका चलचित्रको केही अंश हटाएर वा थप गरेर कुनै चलचित्र घरले प्रदर्शन गर्न चाहेमा केन्द्रीय चलचित्र जाँच समितिबाट पुनः जाँचपास गराएर मात्र प्रदर्शन गर्न पाइनेछ ।

आज्ञाले,
जीतबहादुर कार्की
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले औषधी ऐन, २०३५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी बोलबम मातुलानी चूर्ण नामक औषधी नेपाल अधिराज्यभित्र बिक्री-वितरण संचय, परिवहन तथा पैठारी गर्न नपाउने गरी मनाही गरेको छ ।

आज्ञाले,
जगदीश्वर उपाध्याय
श्री ५ को सरकारको सचिव

£९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग